## ८४औं बैठक

आज मिति २०७६ साल चैत्त २० गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, नगर उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्ष्मुमन राना, वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री धिरेन्द्र प्रसाद शर्मा नि. प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी

श्री सिता कुमारी खत्री गिरी प्रशासकिय अधिकृत

श्री पिताम्बर पौडेल अधिकृत

श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत.

श्री लक्ष्मीप्रसाद सापकोटा कार्यालय सहायोगी

प्रस्तावहरु :-

१) बिपत कोष खडा तथा संचालन गर्ने सम्वन्धमा ।

२) विपत व्यवस्थापन समितिले गरेको निर्णयलाई अनुमोदन ।

३) जिल्ला विपत व्यवस्थापन समिति सुर्खेतलाई अनुरोध गर्ने सम्वन्धमा ।

४) सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशलाई क्वारेन्टाइन व्यवस्थित गराउने सम्वन्धमा ।

५) मापदण्ड सम्वन्धमा ।

६) विपत व्यवस्थापन समितिको निर्णय सम्वन्धमा ।

निर्णय नं.१:-

विश्वभर महामारीको रुपमा फैलिएको कोराना भाईरसको संकटवाट नगरवासीलाई जोगाउन र असंगठीत श्रमिक वर्ग तथा असायहरुलाई राहत उपलब्ध गराउनका लागि कृषि विकास वैक छिन्चुको खाता नं.०७२१००११४६०३७०६१ मा रु १०१०००००।- (एक करोड एकलाख मात्र) वरावरको रकम को विपत व्यवस्थापन कोष खडा गर्ने निर्णय गरियो । साथै सो रकम निम्न शिर्षकहरुबाट रकमान्तर गरी कोष खडागर्ने र रकमान्तर गरिएको यस निर्णयलाई आगामी नगर सभाको वैठकमा अनुमोदन गर्नका लागि पेश गर्ने निर्णय गरियो ।

निम्न:-

क) सर्पदंश - ८ (आठ लाख)

ख) उप प्रमुख स्वरोजगार - २३ (तेइसलाख)

ग) विपत व्यवस्थापन कोषबाट - २० लाख (विस लाख)

घ) भैपरि -४५ लाख (पैतालिस लाख)

ङ) प्रवर्दनात्मक - ५ लाख (पाच लाख)

निर्णय नं.२ :-

विश्वभर महामारीको रुपमा फैलिएको कोराना भाईरसको संकटवाट नगरवासीलाई जोगाउन इच्छुक कोही कसैले यस नगरपालिका लागि आर्थिक सहयोग गर्न चाहेमा नगरपालिकाको कृषि विकास वैकको खाता नं.०७२१००११४६०३७०६१ मा रकम जम्मा गरी सहयोग गर्न र यस संकटको घडीमा कतिपय संघ,संस्था र व्यक्तिहरुको यस नगर क्षेत्र भित्र नगर,नगरपालिकाको अनुमति वेगर विभिन्न वस्तीमा राहत एवंम सुरक्षा सामाग्री आफुखुशि वितरण गरिएको पाइएकोले यस प्रकारको कार्य नगर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.३:-

जिल्ला विपत व्यवस्थापन समिति सुर्खेतलाई खाद्यन्न राहत उपलव्ध गराई दिन हुन अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४:-

भेरीगंगा नगरपालिका कर्णाली प्रदेशको मुलद्वारको रुपमा रहेकाले भारत तर्फबाट ठुलो संख्यामा मानिस भित्रिरहेकोमा यस क्षेत्रमा क्वारेन्टाइन निर्माणकालागि आर्थिक ,भौतिक र दक्ष जनशक्ति प रिचाल वापत नगर विपत व्यवस्थापन समितिको निर्णयानुसार ३५ लाख ( पैतिस लाख ) सहयोग उपलव्ध गराई दिनु हुन सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५ :-

असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई संघिय मामीला तथा सामान्य प्रशान मन्त्रालयबाट प्राप्त राहत सम्वन्धी मापदण्डलाई आधार मानी राहत व्यवस्थापनका कार्यक्रम संचालन गर्ने र कुनै समस्या परेमा आगामी कार्य पालिका वैठकमा मापदण्ड थप स्पष्ट गरी राहत वितरण सम्बन्धी कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.६:–

२०७६।१२।१९ को विपत व्यवस्थापन समितिको निर्णयानुसारको कार्य संचालनलाई निरन्तरता दिई आगामी कार्यपालिकाको वैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।